# सिद्धार्थनगर नगरपालिका
# नगरकार्यपालिकाको कार्यलय
# सिद्धार्थनगर, रुपन्देही
## परियोजना प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना !

सिद्धार्थनगर नगरपालिले जी.आई.जेड. को स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनासँग स्थानिय आर्थिक विकासको लागि सहकार्य गर्दै आईरहेको छ । यस नगरक्षेत्रभित्र दर्ता भई नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी तथा उद्यमहरुलाई प्रतिस्पर्धात्मक बिधिबाट परियोजना प्रस्तावनाहरूको छनौट गरी सहयोग प्रदान गर्ने "साना परियोजना सहयोग कोष" कार्यक्रम संचालन हुन गइरहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकासका लागी छनौट गरिएका मूल्य श्रृंखलाहरुः फलफूल तथा तरकारी, बाखा, कुखुरा, दुग्ध एवं पर्यटन को प्रवर्द्धन तथा कोभिड १९ र त्यसबाट स्थानिय आर्थिक विकासमा पर्न गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादन वा सेवा सहितका नवीन व्यावसायिक अवधारणाहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्य रहेको छ ।

यस "साना परियोजना सहयोग कोष" कार्यक्रम मार्फत सहकारी तथा उद्यमहरुले पेश गरेका परियोजना प्रस्ताव को आधारमा उत्कृष्ठ ३ देखि ५ वटा परियोजनालाई अधिकतम रु.१० लाख सम्म सहयोग प्रदान गरिनेछ ।

प्रस्तावित परियोजनाहरुको मुल्याङ्कन निम्न मापदण्डहरु अनुसार गरिने छ :

**<u>मापदण्डहरु</u>**

१)सिद्धार्थनगर नगरपालिकामा दर्ता भई नगरक्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी वा उद्यमहरू हुनु पर्नेछ ।

२) सहकारीहरूको हकमा कुल प्रस्तावित परियोजनाको कम्तिमा २५% र उद्यमहरूका लागि कम्तिमा ५०% योगदान आवेदकबाट गर्नुपर्नेछ । सहयोग रकम परियोजना एवं व्यवसाय हेरी अधिकतम रु. १० लाखमा नबढ्ने गरी प्रदान गरिनेछ । उक्त व्यवसाय/उद्यमको विद्यमान अवस्था, यसको संञ्चालनका श्रोतहरु र परियोजनाबाट सहयोग उपलब्ध भएको खण्डमा उक्त व्यवसाय/उद्यममा थप लगानी भएको मापन गर्न सकिने गरी स्पष्ट उल्लेख गर्न पर्नेछ ।

३) प्रत्येक सहकारी/उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछ । यद्यपि संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

४) प्रस्तावित परियोजनाले कोभिड-१९ले ल्याएका आवश्यकताहरू एवं चुनौतीहरूलाई सम्बोधन गर्दै आर्थिक विकास/उद्यम विकासलाई सहयोग पुऱ्याउने उपायहरुनिम्न बुँदाहरु संग सम्बद्धगराइ सान्दर्भिकता प्रमाणित गर्नु पर्ने छ ।

नगरपालिकाका प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू (पर्यटन व्यवसाय, व्यापार, साना उत्पादनमलक उद्योग, प्राङ्गगारीक खेती) सँग मेल खाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

- फलफुल तथा तरकारी, बाखा, कुखुरा, दुग्ध, एवं पर्यटन को मूल्य श्रृंखला विकासका लागि उत्पादन तथा प्रक्रियाका नयाँ अवधारणाहरूलाई प्राथमिकता दिइनेछ ।
- प्रस्तावित परियोजनाले सहकारी/उद्यमहरूको व्यावसायिक बृद्धिका लागी सहयोग पुऱ्याउनेछ ।
- प्रस्तावित परियोजनाले आर्थिक र वातावरणीय दिगोपना सुनिश्चित गर्नेछ ।
- महिला र स्वदेश फर्केका कामदारहरूसहित विपन्न समूहहरूका लागि आर्थिक र सामाजिक समावेशीकरणमा योगदान पुऱ्याउनेछ ।

५) २५% सदस्यहरू पछाडि परेका समूदाय भएको सहकारीहरुलाई (Disadvantaged Groups) प्राथमिकता दिईने छ ।
६) महिला तथा पछाडि परेका वर्ग विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिन सकिनेछ।
७) प्रस्तावकले सम्बन्धित वडा कार्यालयबाट सहकारी वा व्यवसायले प्रस्तावनामा वडाको जानकारी वा सहमति सहितको सिफरिश पत्र संलग्न गर्नुपर्नेछ।

उक्त मापदण्डहरु भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी /उद्यम हरुले यस नगरपालिकाले यस कार्यक्रमको लागि उपलब्ध गराउने परियोजना प्रस्ताव फाराम भरी प्रस्तावसँगै निम्नानुसारका कागजपत्रहरु पेश गर्नुपर्नेछ।

- व्यवसाय दर्ता प्रमाणपत्रहरु
- सिद्धार्थनगर नगरपालिका दर्ता प्रमाणपत्र
- कर दर्ता प्रमाणपत्र
- कर छुट तथा कर चुक्ता प्रमाणपत्रहरु
- कारोवार क्षेत्र खुल्ने कागजातहरु
- वडाको शिफारिस पत्र
- पछिल्लो आ. व. को लेखापरिक्षण गरिएका वित्तिय विवरणहरु (सम्झौताको चरणमा पेश गर्नुपर्ने)

परियोजना प्रस्ताव पेश गर्दा रु ५००।- जम्मा गर्नु पर्ने छ।

परियोजना प्रस्ताव फाराम यस सिद्धार्थनगर नगरपालिकाका परियोजना सम्पर्क व्यक्ति श्री यादव प्रसाद सापकोटा sapkota_yadab@yahoo.com वा एलपीईडी परियोजनाका प्रतिनिधि श्री सुरेश बराल बाट ईमेल suresh.baral@giz.de मार्फत वा सिद्धार्थनगर नगरपालिकाको वेवसाइड siddharthanagarmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ साथै प्रस्तावना पेश ईमेल मार्फत तथा यस नगरपालिका कार्यालयमा आई सिधै दर्ता गराउन पनि सकिनेछ।

सूचना प्रकाशन मितिः २०७७।०५।३०
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७।०६।१९